# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *सूचना तथा प्रकाशन शाखा*

**सम्मानित सर्वोच्च अदालतको रिट नं. ०७९-WF-०००९ र ०७९-WF-००१० उत्प्रेषण समेतको आदेश कार्यान्वयनको लागि आ.व. २०७९/८० को नेपाल प्रशासन सेवा, राजस्व समूहका राजपत्रांकित द्वितीय श्रेणी (अप्राविधिक), उपसचिव वा सो सरह पदको बढुवाको पुनः विज्ञापनको सूचना**

*सूचना प्रकाशन मिति: २०८०/१०/५*

## (क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ८२९/०८०-८१**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने नेपाल प्रशासन सेवा, राजश्व समूह, राजपत्रांकित द्वितीय श्रेणी (अप्राविधिक), उपसचिव वा सो सरह पदको लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम साविक विज्ञापन बमोजिम मिति २०७९/७/२९ सम्म सम्भाव्य उम्मेदवारहरूले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/११/१० सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र निजामती सेवाका पदका लागि काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरूमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

यसरी पर्न आएका दरखास्तहरू आयोगका कार्यालयहरूले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरूलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।
(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।
(घ) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ ।
(च) दरखास्त दस्तुर रू. २,०००।- (दुई हजार) बुझाउनु पर्नेछ ।

**विवरण**

**राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव वा सो सरह)**

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | ३४७/०८०-८१ | प्रशासन, राजस्व | ६ (छ) |

## (ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ८३०/०८०-८१**

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा पूर्ति गर्नुपर्ने नेपाल प्रशासन सेवा, राजश्व समूह, राजपत्रांकित द्वितीय श्रेणी (अप्राविधिक), उपसचिव वा सो सरह पदको लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ र निजामती सेवा नियमावली, २०५० को नियम ७४ (२) बमोजिम २०७९ साल असार मसान्तसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवारहरूले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/११/१० सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरूमा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

यसरी पर्न आएका दरखास्तहरू आयोगका कार्यालयहरूले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरूलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्यांकन निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम गणना हुनेछ । महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ । निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनुपर्नेछ ।

(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ ।

(च) दरखास्त दस्तुर रू. २०००।- (दुई हजार) बुझाउनु पर्नेछ ।

## विवरण

**राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव वा सो सरह)**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | ३४८/०८०-८१ | प्रशासन, राजस्व | ६ (छ) |

**बढुवा कारवाही सम्बन्धी विशेष व्यवस्था :**

सम्मानित सर्वोच्च अदालतको रिट नं.०७९-WF-०००९ र ०७९-WF-००१० उपर भएको उत्प्रेषण समेतको आदेशबमोजिम आर्थिक वर्ष २०७९-८० का लागि जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी कामकारवाही सम्बन्धित बढुवा समितिवाट सम्पन्न हुनेछ ।

***नोटः*** *सम्मानित सर्वोच्च अदालतको उत्प्रेषण समेतको आदेशबाट रद्द भएको साविक विज्ञापनमा दरखास्त पेश गर्ने उम्मेदवारहरुले दरखास्त साथ पेश गरेको दरखास्त दस्तुर यसै सूचना बमोजिमको दरखास्तको लागि समेत कायम भएको मानिनेछ । सो प्रयोजनको लागि उम्मेदवारले दरखास्त पेश गर्दा सो व्यहोरा जनाई अलग्गै निवेदन संलग्न गर्नुपर्नेछ ।*

*www.psc.gov.np*